बागमती प्रदेश सभा

# विशेषाधिकार समिति

# वार्षिक प्रतिवेदन, २०८२




## विशेषाधिकार समितिको सचिवालय

हेटौँडा , मकवानपुर

# विशेषाधिकार समितिमा रहनु हुने प्रदेश सभाका सदस्यहरुः



सभापति

मा. माया देवी शर्मा



सदस्य

मा. कृष्ण प्रसाद शर्मा खनाल



सदस्य

मा. गिर बहादुर तामाङ



सदस्य

मा. गोविन्द लम्साल



सदस्य

मा. जयराम थापा



सदस्य

मा. देवेन्द्र श्रेष्ठ



सदस्य

मा. रत्न प्रसाद ढकाल



सदस्य

मा. राजु विष्ट



सदस्य

मा.धनेश्वरी प्रजापति



सदस्य

मा. प्रभात तामाङ



सदस्य

मा. विन्दु श्रेष्ठ



सदस्य

मा. रामकृष्ण चित्रकार



सदस्य

मा. शुष्पा भुजेल न्यौपाने



सदस्य

मा. समिता खड्गी



सदस्य

मा. सुना परियार



सदस्य

मा. सुरेन्द्र राज गोसाई



समिति सचिव

विकास विकल

# मन्तव्य



## माननीय सभामुखज्यू,

नेपालको संविधानको धारा १९३ मा प्रदेश सभाको कार्यप्रणालीलाई ब्यवस्थित गर्न प्रदेश सभा नियमावली बमोजिम विभिन्न समितिहरु गठन गर्न सक्ने व्यवस्था रहेको छ।बागमती प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १६७ मा प्रदेश सभालाई जनता र नेपालको संविधान प्रति उत्तरदायी र जवाफदेही बनाउन, प्रदेश सभाको कार्य संचालनको क्रममा कुनै सदस्यलाई संविधानको धारा 187 बमोजिम सभाको विशेषाधिकार हनन् भएको भन्ने लागेमा विशेषाधिकार हनन् भएको सम्बन्धी विषयमा सोको प्रारम्भिक छानबिन गरी सो सम्बन्धी निर्णय गरी सजाय तोक्ने, माफी दिने वा सजाय घटाउने सम्मको कार्यका लागिमिति २०८१ जेठ ५ गते बसेको प्रदेश सभाको बैठकबाट यस समितिको गठन भएको छ।

**माननीय सभामुख महोदय,**

समितिले एक वर्षको अवधिमा सम्पादन गरेका कार्यहरु समेटी प्रदेश सभा नियमावली बमोजिम हरेक वर्ष आय व्ययको वार्षिक अनुमान पेश हुनु अगाबै समितिले वार्षिक प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था भए बमोजिम आज यस समितिको बार्षिक प्रतिवेदन सम्मानित सभा समक्ष पेश गर्न पाउँदा अत्यन्तै गौरवान्वित महशुस गरेको छु।समिति गठनको भए पश्चात यस समितिले आफ्नो आन्तरिक कार्यविधि निर्माण, वार्षिक कार्यतालिका निर्माण, सो बमोजिम विभिन्न कार्यक्रमहरूका साथै समितिको कार्यक्षेत्र सम्बन्धमा छलफल लगायतका महत्वपूर्ण कार्यहरू गरेको छ।

**अन्त्यमा,**

समितिको हरेक कार्यमा सहयोग गर्दै औपचारिक, अनौपचारिक बैठक र छलफलहरुमा अमूल्य विचार दिनु हुने माननीय सदस्यहरु प्रति आभार ब्यक्त गर्न चाहान्छु।उप–समितिको जिम्मेवारी सफलता पूर्वक निर्वाह गर्ने माननीयज्यूहरुलाई विशेष धन्यवाद दिन चाहन्छु।आगामी दिनहरुमा समेत नयाँ सोच र नयाँ योजनाका साथ समितिको कामलाई प्रभावकारी बनाउने काममा माननीयज्यूहरुको भूमिका उल्लेखनीय रहने अपेक्षा गर्दछु।प्रदेश सभाका माननीय सभामुखज्यू, उपसभामुखज्यूबाट बेलाबेलामा प्राप्त भएका सहयोग र सल्लाह प्रति विशेष आभार प्रकट गर्दछु।समिति तथा उपसमितिका कामलाई सहज बनाउन भूमिका खेल्ने प्रदेश सभाका सचिव तथा समितिका सचिव लगायत सचिवालयका कर्मचारीहरुलाई समेत हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु साथै आगामी दिनमा समेत सबैबाट सहयोग र सुझावको अपेक्षा गर्दछु।

**२०८२ जेठ ३० गते**

**मायादेवी शर्मा**
**सभापति**
विशेषाधिकार समिति
बागमती प्रदेश, हेटौडा

# विषयसूची


**परिच्छेद-१** प्रारम्भिक

१.१ पृष्ठभूमी १

१.२ समितिको गठन २

१.३ समितिको कार्यक्षेत्र, काम, कर्तव्य र अधिकार २

१.४ समिति सचिवालय ३

**परिच्छेद** - २ समितिको बैठकका निर्णय ३

**परिच्छेद** - ३ वार्षिक प्रतिवेदन लेखन तयारी उपसमितिको बैठकको मिति, संख्या र निर्णयहरु ४

**परिच्छेद** - ४ समितिको अन्तरप्रदेश अनुभव आदानप्रदान प्रतिवेदन ५

**परिच्छेद** - ५ उपसमितिको प्रतिवेदन १७


**अनुसूचीहरू**


अनुसूची १ विशेषाधिकार समितिको सदस्यहरुको विवरण १८

अनुसूची २ समितिको बैठकमा माननीय सदस्यहरुको उपस्थिति विवरण १९

अनुसूची ३ विशेषाधिकार समितिको वार्षिक प्रतिवेदन लेखन तयारी उपसमितिको बैठकमा माननीय सदस्यहरुको उपस्थिति २०

अनुसूची ४ समिति तथा उपसमितिको बैठक २१

# परिच्छेद १
# प्रारम्भिक

## १.१ पृष्ठभूमीः

लोकतान्त्रिक मुलुकहरुमा शक्ति पृथकिकरणको सिद्धान्त वमोजिम राज्य शक्ति मुलतः राज्यका ३ अंगहरु व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाले प्रयोग गर्दछन् । राज्यको विधायिकी शक्ति व्यवस्थापिकाले प्रयोग गर्दछ । कानून बनाउने, सरकारलाई जवाफदेही र जिम्मेवारी बनाउने, सरकारले पेश गरेको बजेटमा छलफल गरी बजेट र नीति कार्यक्रम पारित गर्ने, अन्तर्राष्ट्रिय सन्धी संझौता अनुमोदन गर्ने, संवैधानिक निकायका पदाधिकारीले खराव आचरण वा संवैधानिक जिम्मेवारी बहन गर्न असक्षम भएको अवस्थामा महाअभियोगद्वारा पदमुक्त गर्ने, सरकार परिवर्तन गर्ने लगायतका कामहरु लोकतान्त्रिक मुलुकका आधुनिक व्यवस्थापिकाले गर्नुपर्ने मुख्य कामहरु हुन् । यसैगरी कार्यपालिकाले विधायिकाबाट निर्मित कानून कार्यान्वयन गर्ने, शासन व्यवस्था संचालन गर्ने र न्यायापालिकाले संविधान र कानूनको व्याख्या गर्ने गरी संविधानले राज्यका मुख्य अंगहरुको जिम्मेवारी र भुमिका निर्धारण गरेको छ ।

नेपालको सन्दर्भमा संविधान सभाले बनाएको संविधान कार्यान्वयनको चरणमा छौं । संविधान कार्यान्वयन गर्न आवश्यक कानून बनाउने पुराना कानूनहरुको पुनरावलोकन एवं संशोधन गर्नु संसदको पहिलो जिम्मेवारी हो । मौलिक हकसंग प्रत्यक्ष र परोक्ष सम्बन्ध रहेका विषयहरुमा कानून बनाउनु, संविधान प्रतिकूलका कानूनहरुको पुनरावलोकन गरी अद्यावधिक गर्नु, सरकारलाई सुशासनमैत्री शासन संचालन गर्न आवश्यक राय सल्लाह र निर्देशन दिनु, संविधान, ऐन, कानून र संसदीय निर्देशन वमोजिमको काम भए नभएको सम्बन्धमा अनुगमन गर्नु संसदले गर्नुपर्ने महत्वपूर्ण जिम्मेवारी हो । जनताको सार्वभौम अधिकार प्रयोग गर्ने महत्वपूर्ण थलो संसद हो। यसको प्रभावकारिताबाट नै तोकतान्त्रिक पद्धतिले गतिशिलता प्राप्त गर्दछ । संसदका सबै कार्यहरु पूर्ण सदनबाट मात्र सम्पादन गर्न विभिन्न कारणले सम्भव हुँदैन । संसदको नियमित कार्यमा सहयोग पुर्याउन एवं सरकारबाट भए गरेका काम कारवाहीको अनुगमन र मुल्यांकन गरी आवश्यक सुझाव र निर्देशन दिन संसदीय समितिहरुको गठन गरिन्छ । सरकारलाई संसदप्रति जिम्मेवार तथा उत्तरदायी बनाउने कार्यमा संसदीय समितिहरुको महत्वपूर्ण भुमिका रहन्छ । संसदको समय बचत गर्न, कार्य प्रक्रियालाई सरलीकृत गर्न, विशेषज्ञताको उपयोग गर्न विषयवस्तुको गहन अध्ययन गरी निश्कर्ष प्रस्तुत गर्न समितिहरु मार्फत संसदले आफ्ना कार्यहरु सम्पादन गर्ने गर्दछ । आफ्नो कार्य क्षेत्र भित्रका विषय माथी छलफल गरिने र सरकारलाई उत्तरदायी बनाउने हुँदा संसदीय समितिहरुलाई मिनी संसद (Mini Parliament) को रुपमा लिईन्छ ।यी समितिहरुको अलावा

संसदमा एक विशेषाधिकार समिति रहनेछ यस समिति अरु संसदीय समिति भन्दा पृथक किसिमको हुनेछ यस समितिले संविधान धारा १८७ तथा बागमती प्रदेश सभाको नियमावली २०७४ को दफा १७४ बमोजिम प्रदत्त अधिकार बमोजिम कार्य सम्पादन गर्न सक्नेछ ।

**नेपालको सन्दर्भमा संसदीय समितिको काम कर्तव्य मुलभुत रुपमा देहाय वमोजिम रहेको छ।**

(क) आ-आफ्नो कार्य क्षेत्र भित्र पर्ने सम्बन्धित विषयमा छलफल गरी सो सम्बन्धी प्रतिवेदन सदनमा पेश गर्ने ।

(ख) राजश्व र व्यय सम्बन्धी अनुमानको जाँच गरी के कति किफायत गर्न सकिन्छ भन्ने सम्बन्धमा निर्देशन दिने ।

(ग) सरकारी आश्वासन पुरा गर्न आवश्यक निर्देशन दिने ।

(घ) सार्वजनिक सम्पत्तीको संरक्षण गर्न आवश्यक निर्देशन दिने ।

(ङ) प्रत्यायोजित अधिकार अन्तर्गत बनाईएको नियम संविधान र कानून सम्मत छ छैन भन्ने विषयमा मुल्यांकन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने।

(च) समितिका प्रतिवेदनहरु कार्यान्वयन भए नभएको विषयमा अनुगमन गरी निर्देशन दिने।

(छ) सरकारी कामको मुल्यांकन गरी निर्देशन दिने

(ज) सभामा उठेको बिषयमा अवहेलना भयो भन्ने लागेमा सो सम्बन्धि छलफल तथा कारबाही गर्ने

(झ) अन्य आवश्यक कार्यक्रम संचालन गर्ने ।

## १.२ विशेषाधिकार समितिको गठन

प्रदेश सभा नियमावली, २०७४ को नियम १६७ बमोजिम प्रदेश सभाका सभामुखले सभाको सहमति लिई सत्र जना सदस्यहरूको मनोनयन गरी विशेषाधिकार समिति गठन गर्न सक्ने व्यवस्था भए बमोजिम विशेषाधिकार समितिको गठन भएको हो।प्रदेश सभाको सचिव प्रत्येक समितिको पदेन सचिव हुने र सचिवले आफू मातहतको अधिकृतलाई समितिको सचिवको कार्य गर्न तोक्न सक्ने व्यवस्था समेत नियमावलीले गरेको छ ।

## १.३ विशेषाधिकार समितिको कार्य क्षेत्र तथा कार्यविधि र अधिकार

मुख्यत: विशेषाधिकार समितिको कार्य क्षेत्र अन्तर्गत संविधानको धारा १८७ बमोजिम सभाको विशेषाधिकार हनन् भएको वा नभएको भनि जाचँबुझ गर्ने वा गराउने गर्न सक्छ।प्रदेश सभा नियमावली, २०७४ बमोजिम समितिको कार्यविधि र अधिकार देहाय बमोजिम रहेका छन्।

१. प्रदेश सभा नियमावली, २०७४ को नियम १७३ को उपनियम (५) बमोजिमको स्वीकृत प्रस्ताव सहितको कागजात प्राप्त भएपछि विशेषाधिकार समितिले सात दिनभित्र कारबाही सुरू गर्नु पर्नेछ।
२. विशेषाधिकार समितिको सभापतिले सभामुखको निर्देशनमा रही समितिको कार्यविधि व्यवस्थित गर्नेछ ।
३. विशेषाधिकार समितिले छानबिनको सिलसिलामा **अभियोग लागेको व्यक्ति उपर समाह्वान** वा गिरफ्तारीको आदेश जारी गर्न, लिखत प्रमाण बुझ्न , साक्षी झिकाउन, दाखिला गराउन वा बयान बकपत्र गराउन सक्नेछ .
४. विशेषाधिकार समितिले आवश्यक ठहऱ्याएमा अभियोग लागेको व्यक्तिलाई थुनामा राखी कारबाही गर्न सक्नेछ ।विशेषाधिकार समितिले सो बमोजिम कसैलाई थुनामा राखेकोमा सो कुराको जानकारी सभालाई दिनु पर्नेछ । सभाले उक्त कारबाही बदर गरेमा थुनामा राखेको व्यक्तिलाई यथाशीघ्र थुनाबाट मुक्त गर्नु पर्नेछ ।
५. विशेषाधिकार समितिले आवश्यकता अनुसार सचिवालयका अतिरिक्त अन्य अधिकारीको पनि सहयोग लिन सक्नेछ।

## १.४ विशेषाधिकार समितिको सचिवालय

प्रदेश सभा नियमावली, २०७४ को नियम १६७ बमोजिम प्रदेश सभाका सभामुखले सभाको सहमति लिई सत्र जना सदस्यहरूको मनोनयन गरी विशेषाधिकार समिति गठन गर्न सक्ने व्यवस्था बमोजिम विशेषाधिकार समितिको गठन भएको हो।प्रदेश सभाको सचिव प्रत्येक समितिको पदेन सचिव हुने र सचिवले आफू मातहतको अधिकृतलाई समितिको सचिवको कार्य गर्न तोक्न सक्ने व्यवस्था समेत नियमावलीले गरेको छ। हाल यस समिति सचिवालयमा कार्यरत कर्मचारीहरूको विवरण देहाय बमोजिम अनुसूची २ मा रहेका छन्।

## परिच्छेद -२

## समितिको बैठकको मिति बैठकको संख्या र छलफलका निर्णयहरुः

समितिको आ.व. २०८१/०८२ मा हालसम्मबसेका बैठक र निर्णयहरु देहाय बमोजिम रहेका छन्।

| सि.नं. | मिति | बैठक संख्या | निर्णयहरू |
|---|---|---|---|
| १. | २०८१/०६/०७ | ५ | ➢ विशेषाधिकार समितिको वार्षिक कार्य सञ्चालन तालिका माथि विस्तृत छलफल गरी सुझाव सहित पारित गर्ने निर्णय गरियो। |
| २. | २०८१/०९/२१ | ६ | ➢ विशेषाधिकार समितिको वार्षिक कार्य सञ्चालन तालिका अनुसार समितिको सभापतिको नेतृत्वमा अन्तरप्रदेश अनुभव आदानप्रदान कार्यक्रममा लुम्बिनी प्रदेश सभा विशेषाधिकार समितिसँग मिति २०८१/१०/०५ देखी २०८१/१०/०९ सम्म अन्तरप्रदेश अनुभव आदानप्रदान गर्न जाने निर्णय गरियो। |
| ३. | २०८२/०२/१३ | ७ | ➢ समितिको वार्षिक कार्य सञ्चालन तालिकामा स्वीकृत समितिको कार्यक्षेत्र बमोजिम विज्ञ तथा सरोकारवालासँग छलफल तथा अन्तरक्रिया र प्रतिवेदन लेखन सम्बन्धी क्षमता अभिवृद्धी कार्यक्रमको मिति र स्थान समितिको अर्को बैठकबाट तय गर्ने निर्णय गरियो।<br>विशेषाधिकार समितिको तपसिल बमोजिम वार्षिक प्रतिवेदन लेखन तयारी उपसमिति गठन गर्ने निर्णय गरियो।<br>तपसिलः<br>माननीय प्रभात तामाङ - संयोजक<br>माननीय जयराम थापा - सदस्य<br>माननीय देवेन्द्र श्रेष्ठ- सदस्य |
| ४. | २०८२/०२/२१ | ८ | ➢ समितिको वार्षिक कार्यतालिका बमोजिमका कार्यक्रमहरु मिति२०८२/०३/ १५ गते सम्म सञ्चालन गर्नु पर्ने निर्णय गरियो।<br>➢ वार्षिक प्रतिवेदन तयारी उपसमितिले पेश गरेको वार्षिक |

| सि.नं. | मिति | बैठक संख्या | निर्णयहरू |
|---|---|---|---|
| | | | प्रतिवेदन २०८२ समितिमा छलफल भइ सुझाव सहित परित गर्ने र मिति २०८२/०२/३० गते प्रदेश सभा बैठकमा पेस गर्ने निर्णय गरियो। |

## परिच्छेद — ३
## वार्षिक प्रतिवेदन लेखन तयारी उपसमितिको बैठकको मिति, संख्या र निर्णयहरु

| सि.नं. | मिति | बैठक संख्या | निर्णयहरू |
|---|---|---|---|
| १. | २०८२/०२/१९ | १ | ➢ समिति सचिवालयबाट तयार पारिएको विशेषाधिकार समितिको वार्षिक प्रतिवेदनको मस्यौदामाथि छलफल गरी उप-समितिका माननीय सदस्यहरुबाट प्राप्त सुझाव प्रतिवेदनमा समावेश गर्ने निर्णय गरियो । |
| २. | २०८२/०२/२० | २ | ➢ विशेषाधिकार समितिको वार्षिक प्रतिवेदन, २०८२ को मस्यौदालाई अन्तिम रुप प्रदान गरी विशेषाधिकार समितिमा पेश गर्ने निर्णय गरियो । |

# परिच्छेद -४

## समितिको अन्तरप्रदेश अनुभव आदानप्रदान भ्रमण प्रतिवेदन

बागमती प्रदेश, विशेषाधिकर समितिको माननीय सभापति माननीय मायाँदेवी शर्मा नेतृत्वमा मिति २०८१ माघ ५ गतेदेखि ९ गतेसम्म नेपालको सुन्दर नगरी लुम्बिनी प्रदेश सभा दाङ(देउखुरी) अनुभव आदान-प्रदान कार्यक्रम गरी फर्केको थियो। यस कार्यक्रममा वागमती प्रदेश सभा, विशेषाधिकार समितिका सम्पूर्ण माननीय सदस्यलाई आमन्त्रण गरिएको भएपनि १० जना माननीय सदस्य र दुई जना सचिवालयका कर्मचारीहरुको सहभागिता रहेको थियो भने लुम्बिनी प्रदेशका माननीय सभामुख तुलाराम घर्ति मगर, उपसभामुख मेनुका खाँड के.सी. प्रदेश सभाका सचिव दुर्लभ पुन, समितिका मा. सभापति गिरधारीलाल न्यौपाने सहभागिता रहेको थियो।

# परिच्छेद ५
# अन्तरप्रदेश अनुभव आदानप्रदान कार्यक्रमको प्रतिवेदनहरू

## क)सभापति स्तरीय लुम्बिनी प्रदेश अनुभव आदानप्रदान कार्यक्रमः

### १.१ पृष्ठभूमि

लोकतान्त्रिक शासनमा राज्यका तीन अंगहरुबीचको शक्ति पृथकीकरण र शक्ति सन्तुलन एउटा आधारभूत विशेषता हो। यसमा राज्यका व्यवस्थापिकाले कानून/विधि निर्माण गर्ने, कार्यपालिकाले ती विधिलाई कार्यान्वयन गरी राज्य संचालन गर्ने र न्यायपालिकाले विधिको उचित प्रयोग भए/ नभएको हेर्ने र कानूनको व्याख्या गर्ने कार्य गर्दछ। यी तीन अंगहरु स्वायत र शक्तिशाली हुन्छन् तीनै अंग लोकतन्त्र, जनताको इच्छा आकांक्षालाई पुरा गर्न, समता र समानता कायम गर्न, न्यायपूर्ण समाज निर्माण गर्न, जनताको परिष्कृत जीवनस्तर बनाउन निष्पक्ष रुपमा कार्य गरी जनताको जीवनलाई सहज र सरल बनाउन मदत गर्दछ। यी तीनै अंग बीचको सहकारिता, सहअस्तित्व र समन्वय नै लोकतान्त्रिक शासन व्यवस्था तथा विधिको शासनलाई सबल, सक्षम र दीर्घकालिन बनाउदछ।

यी अंगहरु मध्ये अझै व्यवस्थापिका र कार्यपालिका नङ्ग र मासु झै जोडिएका हुन्छन्। व्यवस्थापिकाले जनताले दिएका मतलाई कदर गरी विधि निर्माण गर्दछ, ती विधि बमोजिम राज्य संचालन भयो भएन हेर्ने, मुल्याङ्कन गर्ने, अनुगमन गर्ने, सरकारको काम, कर्तव्य र अधिकारलाई निगरानी गर्ने, आवश्यकता परेको बेला सहयोग, समर्थन र समन्वय गर्ने, राय/सल्लाह दिने र निर्देशन दिने कार्य गर्दछ। यसरी कार्यपालिकाको कामलाई जनतामुखी बनाउन बाटो देखाउने कार्य गरी सरकारलाई प्रभावकारी र जनमुखी बन्न सकरात्मक बल प्रदान गर्दछ।

### १.२ कार्यक्रमको परिचय

संघीय शासन व्यवस्था आएसँगै नेपाल सात प्रदेशमा वर्गीकरण भई सबै प्रदेशको छुट्टाछुट्टै व्यवस्थापिका र कार्यपालिकाको व्यवस्था भयो। सबै प्रदेशका व्यवस्थापिका र कार्यपालिकाहरु परम्परागत लोकतान्त्रिक मुल्य मान्यतालाई अंगिकार गर्दछ । सबै प्रदेशहरुका व्यवस्थापिका (प्रदेश सभा) मा रहने सदस्य संख्या फरक कार्यप्रकृति एउटै छ, उदेश्य एउटै छ,- जनमतको कदर, सरकारको निगरानी ।

सातै प्रदेशको प्रदेश सभाले गठन गरेका विभिन्न समितिहरु मध्ये विशेषाधिकार समितिले गर्ने कार्यको प्रकृति फरक छ। यो समितिले मुख्यतः विशेषाधिकार समितिको कार्यक्षेत्र अन्तर्गत संविधानको धारा १८७ बमोजिम सभाको विशेषाधिकार हनन् भएको वा नभएको भनि छानविन गर्ने वा गराउन सक्छ।प्रदेश सभा नियमावली, २०७४ बमोजिम प्रदेश सभाले दिएको जिम्मेवारी पुरा गर्नु पर्दछ।

बागमती प्रदेश, विशेषाधिकर समितिको माननीय सभापति) माननीय मायाँदेवी शर्मा नेतृत्वमा मिति २०८१ माघ ५ गतेदेखि ९ गतेसम्म नेपालको सुन्दर नगरी लुम्बिनी प्रदेशस सभा दाङ(देउखुरी) अनुभव आदान-प्रदान कार्यक्रम गरी फर्केको थियो। यस कार्यक्रममा वागमती प्रदेश सभा, विशेषाधिकार समितिका सम्पूर्ण माननीय सदस्यलाई आमन्त्रण गरिएको भएपनि १० जना माननीय सदस्य र दुई जना सचिवालयका कर्मचारीहरुको सहभागिता रहेको थियो भने लुम्बिनी प्रदेशका माननीय सभामुख तुलाराम घर्ति मगर, उपसभामुख मेनुका खाँड के.सी. प्रदेश सभाका सचिव दुर्लभ पुन, समितिका मा. सभापति गिरधारीलाल न्यौपाने सहभागिता रहेको थियो। २०८१ माघ ६ गते विहान ११:०० बजेदेखि कार्यक्रम संचालन भएको थियो। कार्यक्रममा अन्य उपस्थित अनुसूची (१) बमोजिम रहेको थियो।

कार्यक्रमको पहिलो चरणमा लुम्बिनी प्रदेश सभाका सभामुख माननीय तुलाराम घर्ति मगर, उपसभामुख माननीय मेनुका खाँड के.सी. र अन्य माननीय सदस्यहरुसँग लगभग २ घण्टासम्म छलफल भएको थियो। त्यसपछि २०८१ माघ ८ गते दिनको १:०० बजे त्यहाँको विशेषाधिकार समितिका सभापति माननीय गिरधारीलाल न्यौपानेको सभापतित्त्वमा अनुभव आदान-प्रदान कार्यक्रम औपचारिक रुपमा अगाडी बढ्यो । शुरुको परिचयात्मक कार्यक्रम भन्दा अघि यहाँका माननीय एवं कर्मचारीहरुलाई मा. सभापति गिरधारीलाल न्यौपानेले खाँदा ओढाई स्वागत गरेपछि दुबै प्रदेश सभा, विशेषाधिकार समितिका माननीय सभापतिहरु पालै पालो आ-आफ्ना अनुभव र धारणाहरु व्यक्त गर्नुभयो।

सभापतिज्यूहरुको मन्तव्य पश्चात बागमती प्रदेश सभाका विशेषाधिकार समितिका माननीय जयराम थापा, मा.गिर बहादुर तामाङ, मा.शुष्पा भुजेल न्यौपाने, मा. कृष्ण प्रसाद शर्मा खनाल, मा.रामकृष्ण चित्रकार, मा.गोविन्द लम्साल विन्दु श्रेष्ठ, मा. धनेश्वरी प्रजापति, मा.सुना परियारले आ-आफ्नो विचार तथा अनुभव पस्किनु भएको थियो।त्यसैगरी लुम्बिनी प्रदेश सभाका माननीय सभामुख तुलाराम घर्ति मगर, माननीय उपसभामुख मेनुका खाँड के.सी, मा.अम्बिका काफ्ले, मा.कृष्णा कुश्मा थारु,

मा.डिल्लिराज भुसाल, मा. निर्मला देवी थारु, मा. तुलसी प्रसाद चौधरीले आ-आफ्नो विचार तथा अनुभव पस्किनु भएको थियो।

कार्यक्रमको संचालन र व्यवस्थापन बागमती प्रदेशका विशेषाधिकार समितिका सचिव विकास विकल र गण्डकी प्रदेशका विशेषाधिकार समितिका कर्मचारी लालकृष्ण डि.सी.ले गर्नुभएको थियो। कार्यक्रमका केहि तस्वीरहरु अनुसूची (२) बमोजिम रहेका छन् ।

## १.३ कार्यक्रमको उद्देश्य

- दुबै प्रदेश सभाको विशेषाधिकार हन्न भएको वा नभएको सम्बन्धमा सम्पादन गरेको कार्यसम्बन्धी अनुभव आदान-प्रदान गर्नु,
- दुबै प्रदेशको समितिको क्षेत्र अधिकारमा देखिएको चुनौतिहरु त्यहाँ समितिले गरेको कार्य समन्वय र निगरानीको तरिका बारे जानकारी लिनु,
- त्यहाँको समितिको क्षेत्राधिकार र कार्य प्रकृति र प्रकृया बारे अध्ययन गर्नु,
- दुबै प्रदेशवीच औपचारिक भेटघाट मार्फत सम्बन्ध सवल र सुदृढ पार्नु,
- लुम्बिनी प्रदेश सभा विशेषाधिकार समितिलाई बागमती प्रदेश भ्रमण गर्न निम्तो दिनु,

## १.४ कार्यक्रमको विधि

- दुबै समितिको प्रत्यक्ष भेटघाटमा औपारिक शुरुवात मार्फत कार्यक्रम संचालन भएको थियो।
- कार्यक्रममा उपस्थित माननीयहरु तथा लुम्बिनीप्रदेश सभा सचिवालयका सचिव आ-आफ्ना मत अभिव्यक्त गरी अन्तर्क्रियात्मक विधिबाट सम्पन्न भएको थियो।
- कार्यक्रममा लुम्बिनी प्रदेश सभा, विशेषाधिकर समितिका वार्षिक प्रतिवेदन र वागमती प्रदेश सभा, विशेषाधिकर समितिले वागमती प्रदेश सभा दर्पण, वार्षिक प्रतिवेदन लगायतका सम्झनलायक पाठ्य सामग्री दिइ अनुभव आदान-प्रदान भयो।
- त्यहाँका समिति सभपति माननीय गिरधारीलाल न्यौपानेले यहाँका समिति सभापति मा. मायाँ देवी शर्मालाई **"मायाको चिनो (Token Of Love)"**दिएपछि कार्यक्रम समापन भएको थियो।

## १.५ कार्यक्रमको सीमितता

- दुबै प्रदेश सभाका समितिहरुले संगालेका अनुभवहरु ती छोटो समयमा आदान-प्रदान हुन सम्भव थिएन ।

- सिंगो प्रदेश व्यवस्था र व्यवस्थापन सम्बन्धी अनुभव आवश्यक भएपनि दुबै प्रदेश सभाका विशेषाधिकार समितिका माननीय सदस्यबीच सिमित हुन पुगेको थियो।
- कार्यक्रम थोरै संख्यामा र छोटो समयसम्म हुनुमा स्रोत साधनको अपर्याप्तता रहेको थियो।
- त्यहाँ सभाका समितिहरुसँग औपचारिक कार्यक्रम गर्न समय र परिवेश मिलेको देखिएन ।
- खर्च व्यवस्थापनका कारण लुम्बिनी प्रदेश सभा परिसरमै सीमित हुनु पऱ्यो ।

# परिच्छेद-२

# छलफल तथा विचार

## २.१ अनुभवः लुम्बिनी प्रदेश

- सभाको विशेषाधिकार हन्न भएको परिस्थितिमा सभाले दिएको जिम्मेवारी पूरागर्नुपर्ने संवैधानिक तथा कानूनी प्रवन्ध रहेको सोही बमोजिम जिम्मेवारी निर्वाह गर्नुपर्ने विषयमा विमर्श भएको,
- पछिल्लो चरणमा सभालाई व्यवस्थित बनाउन विशेषाधिकार समिति आवश्यक रहको तथा औचित्यता पुष्टि गर्नुपर्ने विषय,
- सुशासन कायम गर्न यस समितिको भुमिकालाई प्रभावकरी रुपमा आगाडी बदाउनु पर्ने दायित्व बोध भएको ,
- संघीयतामा संसदीय समितिले आ-आफ्नो अधिकारक्षेत्र बमोजिम कार्य गर्नुपर्ने सोही अनुसार संघीयतालाई सबलीकरण गर्न सकिने तथा सदन सभाको मर्यादा कायम हुने ,
- संघीयताम प्रदेशको औचित्यताको विषयमा प्रश्न उठेको सन्दर्भमा विशेषाधिकार समितिले आफ्नो सिमा दायरा बमोजिम कार्यसम्पादनमा तीव्रता ल्याउनुपर्ने ,
- प्रदेश सभाको watch Dog को रुपमा समितिको प्रभावकारीता बढाउनुपर्ने ,

## २.२ अनुभवः बागमती प्रदेश

- वागमती प्रदेश सभाका विशेषाधिकार समितिले संविधान र प्रदेश सभा नियमावली,२०७४ अधिनमा रहि समिति संचालन कार्यविधि बनाएको,
- संघीयतालाई मजबुत बनाउनु पर्ने विषयमा प्रदेश सभा कमजोर रहेको, समितिले पनि खासै भूमिका खेल्न नसकेको,
- प्रदेशको आवश्यकता माथि नै प्रश्न उठने गरेको,
- वागमती प्रदेश सरकारलाई विभिन्न विषयमा समिति स्थापना कालदेखि नै निर्देशन दिने गरेको,
- विशेषाधिकार समिति अन्य समिति भन्दा महत्त्वपूर्ण भएपनि चाहेजतिको भूमिका खेल्न नसकेको,
- सातै प्रदेशसँग बृहत छलफल हुनुपर्ने आवश्यकता महसुस भएको,

- अतिथि बनेर कार्यक्रम गर्नुभन्दा अतिथिलाई आमन्त्रण गरेर कार्यक्रम गर्नुपर्ने- यस्ता कार्यक्रमको मोडेल परिवर्तन भई छलफल गर्दा प्रभावकारी देखिन सकिने,
- क्षमता विकासका लागि विज्ञसँग छलफल गर्ने कार्यक्रम तर्जुमा भएतापनि हालसम्म संचालन गर्न नसकिएको,

# परिच्छेद-३
# समिक्षा तथा निष्कर्ष

## ३.१ समिक्षा

- कार्यक्रम उत्साहजनक रह्यो। दुबै पक्षले एक अर्काको बारेमा जान्ने कौतुहल्ता थियो, जिज्ञासा राखेका थिए ।
- अन्तरक्रिया फलदायी भयो।एक अर्काको कार्य प्रकृति र कार्य विवरण जान्ने मौका पाईयो।
- कार्यक्रमको समग्र व्यवस्थापन राम्रो रहयो, त्यहाँ सभाले देखाएको सद्भावबाट खुशी लाग्यो।
- त्यहाँ सभाको तयारी पक्ष अलि कमजोर देखियो।
- लुम्बिनी प्रदेशको माननीय सदस्यहरुको उपस्थित न्युन रहकोले प्रभावकारी अन्तरक्रिया हुन नसकेको पाइयो।
- समयमको चरणवद्ध ब्यवस्थापन हुन नसकेको, कार्यतालिका निर्माण भई कार्यक्रम तय गरिएको भएता पनि समय तालिकामा फेरबदल भएको थियो ।

## ३.२ निष्कर्ष

संघीयता कार्यान्वयनसँगै सबै प्रदेशले छुट्टाछुट्टै अनुभव संगालेका छन्, सबै प्रदेश सभा र त्यस अन्तर्गत गठित समितिहरुले प्राप्त गरेका काम, कर्तव्य र अधिकारको सीमा लगभग उस्तै छन्।हुनत, समितिको काम कागजमा तोकिएर बाँध्न मिल्ने देखिदैन तथापी अधिकार क्षेत्र निर्धारण गरिएको हुन्छ। तर कार्य प्रणाली फरक हुन सक्छ। कुनै प्रदेशका समितिहरुले बढी काम गरेका हुन सक्छन भने कुनै भिन्न शैली र स्वरुपमा । समितिले प्राप्त गरेका क्षेत्राधिकारको प्रयोग कति हदसम्म प्रयोग गरेको रहेछ वा रहेनछ भन्ने विषय जान्न आफ्नो भन्दा अरुको अनुभवलाई सुन्न, बुझ्न र हेर्न जरुरी हुन्छ र त्यसबाट आवश्यकता अनुसार सिकेर व्यवहारमा उतार्न सकिन्छ। हालको यो कार्यक्रममा प्रदेश छनौट समितको निर्णय बमोजिम थियो अन्य प्रदेश सभामा विशेषाधिकर समिति गठन नभएको कारण छनौट सहि सावित भयो। यहाँको समितिले विज्ञसँग छलफल तथा परामर्श कार्यक्रम गरेको र कार्यक्षेत्रमा स्पष्टता आएको अनुभव आदानप्रदान भयो।सभाको विशेषाधिकार हन्न भएको अवस्थामा सभाले दिएको जिम्मेवारीलाई जवाफदेहि ढङ्गबाट सम्पादन गर्ने र आगामी दिनमा

परस्पर समिति बीच समन्वय,सहकार्य गर्ने प्रतिवद्धता व्यक्त भयो। समग्रमा त्यहाँको समिति पनि उतिकै क्रियाशिल र गतिशिल देखिन्छ ।

## सभापति स्तरीय लुम्बिनी प्रदेश अनुभव आदानप्रदान कार्यक्रममा सहभागी माननीय एवं कर्मचारीहरु

**माननीय सदस्यहरु**

- मा. सभापति मायाँ देवी शर्मा -सभापति
- मा. कृष्ण प्रसाद शर्मा खनाल -सदस्य
- मा. गिर बहादुर तामाङ -सदस्य
- मा. गोविन्द लम्साल -सदस्य
- मा. जयराम थापा -सदस्य
- मा. धनेश्वरी प्रजापति -सदस्य
- मा. विन्दु श्रेष्ठ -सदस्य
- मा. रामकृष्ण चित्रकार -सदस्य
- मा. शुष्पा भुजेल न्यौपाने -सदस्य
- मा. सुना परियार -सदस्य

**कर्मचारीहरु**

- विकास विकल -समिति सचिव
- प्रमोद अधिकारी -कम्प्यूटर अपरेटर

# परिच्छेद- ६
## उपसमितिको प्रतिवेदन

विशेषाधिकार समितिको वार्षिक प्रतिवेदन, २०८२ तयारी गरी मिति २०८२ जेठ २१ गते भित्र समितिमा प्रतिवेदन पेश गर्ने कार्यदेश सहित तपसिलका माननीय सदस्यहरु रहेको विशेषाधिकार समितिको वार्षिक प्रतिवेदन लेखन तयारी उपसमिति गठन गर्ने निर्णय बमोजिम उपसमितिका विभिन्न मितिमा वसेको बैठकले वार्षिक प्रतिवेदन तयार गरी २०८२ जेठ २१ गते विशेषाधिकार समितिको बैठकमा पेश गर्ने निर्णय गरेको थियो।

## निष्कर्ष

प्रदेश सभाको दोस्रो कार्यकाल गठन भएको डेढबर्ष पछि प्रदेश सभाको काम, कारबाहीलाई व्यवस्थित गर्न विशेषाधिकार समितिको गठन भएको छ। समिति गठन भएको छोटो समयमा पनि समितिको क्षेत्रकार भित्र रहि आफ्नो जिम्मेवारी पूरा गर्दै आएको छ । आगामी दिनहरुमा कानूनको अधिनमा रहि समितिले प्रभावकारी रुपमा कार्यसम्पादन गर्नेछ ।

# अनुसुची -१

# माननीय सदस्यहरुको विवरण

## विशेषाधिकार समितिका माननीय सदस्यहरुको विवरण

| क्र.स | नाम थर | जिम्मेवारी | निर्वाचन क्षेत्र | राजनितिक दल | सम्पर्क नम्बर | इमेल |
|---|---|---|---|---|---|---|
| १ | मा. मायादेवी शर्मा | सभापति | धादिङ | नेकपा (एकिकृत समाजवादी) | ९८४१५६९५६६ | mayadevisharma38@gmail.com |
| २ | मा. कृष्ण प्रसाद शर्मा खनाल | सदस्य | चितवन १(२) | नेकपा (एकिकृत समाजवादी) | ९८५१२४१९६६ | krishnakhanal918@gmail.com |
| ३ | मा. गिर बहादुर तामाङ्ग | सदस्य | चितवन ३(१) | राष्ट्रिय प्रजातन्त्र पार्टी | ९८५५०५१३८२ | lamagyanu042@gmail.com |
| ४ | मा. गोविन्द लम्साल | सदस्य | धादिङ २(१) | नेपाली काँग्रेस | ९८४१५२७३०६ | govindalamsal85@gmail.com |
| ५ | मा. रत्नप्रसाद ढकाल | सदस्य | काभ्रेपलाञ्चोक१(१) | नेकपा (माओवादी केन्द्र) | ९८५११११९३१ | ratnadhakl7@gmail.com |
| ६ | मा. देबेन्द्र श्रेष्ठ | सदस्य | भक्तपुर | नेकपा (माओवादी केन्द्र) | ९८५११६००९५ | dskhaiju@gmail.com |
| ७ | मा. धनेश्वरी प्रजापति | सदस्य | भक्तपुर | राष्ट्रिय प्रजातन्त्र पार्टी | ९८४१४९४९१९ | dhaneshwariprajapati6@gmail.com |
| ८ | मा. जयराम थापा | सदस्य | काठमाण्डौं ४(२) | ने.क.पा. (एमाले) | ९८५१०४५५९० | jrtthapa@gmail.com |
| ९ | मा. प्रभात तामाङ | सदस्य | रसुवा १(१) | नेपाली काँग्रेस | ९८५१०६१६३३ | Prabhat_lama@yahoo.com |
| १० | मा. सरिता खड्गी | सदस्य | काठमाण्डौं | हाम्रो नेपाली पार्टी | ९८४३२१९२३४ | sareitashahi@gmail.com |
| ११ | मा. सुरेन्द्र राज गोसाई | सदस्य | भक्तपुर१(२) | नेपाल मजदुर किसान पार्टी | ९८५११३१५९१ | yashraj2069@gmail.com |
| १२ | मा. शुष्पा भुजेल न्यौपाने | सदस्य | सिन्धुली | नेकपा (माओवादी केन्द्र) | ९८५४०४२०४२ | sushpabhujel42@gmail.com |
| १३ | मा. विन्दु श्रेष्ठ | सदस्य | काठमाण्डौ | ने.क.पा. (एमाले) | ९८४१५८४९३५ | bindu.stha2017@gmail.com |
| १४ | मा. राजु विष्ट | सदस्य | काठमाण्डौं२(२) | राष्ट्रिय प्रजातन्त्र पार्टी | ९८४११८०९८० | rajubista997@gmail.com |
| १५ | मा. सुना परियार | सदस्य | काठमाण्डौ | नेपाली काँग्रेस | ९८४१६४७७१६ | Pariyarsuna25@gmail.com |
| १६ | मा. रामकृष्ण चित्रकार | सदस्य | ललितपुर २(२) | नेपाली काँग्रेस | ९८५१०८४४४० | minaandtisa@gmail.com |

# अनुसूचि- २

## माननीय सदस्यहरुको बैठकमा उपस्थिति

समितिको यस वर्षको बैठक संख्याः ४

| क्रसं. | मा. सदस्यहरुको नाम, थर | जम्मा उपस्थिति | कैफियत |
|---|---|---|---|
| १ | मा. माया देवी शर्मा | ४ | |
| २ | मा. कृष्ण प्रसाद शर्मा खनाल | ४ | |
| ३ | मा. कृष्ण प्रसाद सिलवाल | ० | वन तथा वातावरण मन्त्री रहनुभएको |
| ४ | मा. गिर बहादुर तामाङ | ० | |
| ५ | मा. गोविन्द लम्साल | ४ | |
| ६ | मा. जयराम थापा | २ | |
| ७ | मा. देवेन्द्र श्रेष्ठ | ३ | |
| ८ | मा. धनेश्वरी प्रजापति | २ | |
| ९ | मा. प्रभात तामाङ | ३ | |
| १० | मा. बिन्दु श्रेष्ठ | ३ | |
| ११ | मा. रत्न प्रसाद ढकाल | २ | |
| १२ | मा. राजु विष्ट | ० | |
| १३ | मा. रामकृष्ण चित्रकार | ३ | |
| १४ | मा. शुष्पा भुजेल न्यौपाने | ४ | |
| १५ | मा. सरिता खड्गी | ० | |
| १६ | मा. सुना परियार | २ | |
| १७ | मा. सुरेन्द्र राज गोसाई | २ | |

समिति सचिवलयको कर्मचारीहरु देहाय बमोजिम रहेको छनः

| सि.नं. | नामथर | पद | सम्पर्क नम्बर |
|---|---|---|---|
| १. | विकास विकल | सचिव | ९८५५०८४५८८ |
| २. | प्रमोद अधिकारी | कम्प्युटर अपरेटर | ९८५१४०४०८० |
| ३. | सुजन पुडासैनी | माइक अपरेटर | ९८६५०३९५७५ |
| ४. | प्रकाश गुरूङ | का.स. | |

# अनुसूचि-३

विशेषाधिकार समितिको वार्षिक प्रतिवेदन तयारी उपसमितिको बैठकमा माननीय सदस्यहरुको उपस्थिति माननीय सदस्यहरुको बैठकमा उपस्थिति

**उपसमितिको यस वर्षको बैठक संख्याः २**

| क्रसं. | मा. सदस्यहरुको नाम, थर | जम्मा उपस्थिति | कैफियत |
|---|---|---|---|
| १ | माननीय प्रभात तामाङ | २ | संयोजक |
| २ | माननीय जयराम थापा | २ | सदस्य |
| ३ | माननीय देवेन्द्र श्रेष्ठ | २ | सदस्य |

# अनुसुची -४

## समितिका तथा उपसमितिका बैठकका फोटोहरू







CLASSIC





उपसमितिको बैठकका तस्विरहरु



वार्षिक प्रतिवेदन तयारी उपसमितिले समितिमा पेस गरेको प्रतिवेदन



समितिको बैठकको फोटोहरु



# सभापति स्तरीय लुम्बिनी प्रदेश अनुभवन आदानप्रदान कार्यक्रमका तस्वीरहरु







सभापति


सभापति



